# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, साउन १४ गते २०५३ साल (संख्या १६


## भाग ३

श्री ५ को सरकार

### उद्योग मन्त्रालयको सूचना

श्री ५ को सरकारले कम्पनी ऐन, २०२१ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी कम्पनी दर्ता गर्दा लाग्ने दस्तुर तोकेको सम्बन्धी खण्ड ४६, संख्या १२, मिति २०५३।३।१७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको खण्ड (ख) पछि देहायको खण्ड (ग) थप गरेकोले यो सूचना प्रकाशन गरेको छ ।

(ग) दर्ता भैसकेका कम्पनीले पूँजी वृद्धि गरेमा

खण्ड (क) र (ख) मा उल्लेखित पूँजीको परिधिभित्र रही तोकिएको दस्तुर दाखिला गरी दर्ता भएका वा सोभन्दा अघि दर्ता भएका कम्पनीहरूले कम्पनी ऐन, २०२१ अन्तर्गत रही पूँजी वृद्धिको माग गरी सम्बन्धित विभागबाट सो माग स्वीकृत भएमा खण्ड ४६, संख्या १२ मिति २०५३।३।१७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको कम्पनी दर्ता दस्तुरसम्बन्धी सूचनाबमोजिम पूँजीको रकम अनुसार लाग्ने दस्तुर बुझाउनु पर्ने छ । यसरी बुझाउँदा पहिले तिरिसकेको रकमलाई कट्टा गरी नपुग रकमसम्म बुझाउँनु पर्नेछ ।

आज्ञाले,

डा. भोलानाथ चालिसे

श्री ५ को सरकारको सचिव

८९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## श्रम मन्त्रालयको सूचना

### बालबालिका (विकास तथा पुनर्स्थापना) कोष नियमावली, २०५३

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "बालबालिका (विकास तथा पुनर्स्थापना) कोष नियमावली, २०५३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "कोष" भन्नाले नियम ३ बमोजिम स्थापना भएको बालबालिका (विकास तथा पुनर्स्थापना) कोष सम्झनुपर्छ।

(ख) "विकास तथा पुनर्स्थापना कार्यक्रम" भन्नाले प्रचलित कानून बमोजिम कुनै प्रतिष्ठानमा काम गर्न नपाउने गरी निषेधित उमेर भित्र परेका बालबालिकाहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै निर्यातमूलक वा अन्य औद्योगिक प्रतिष्ठानमा संलग्न भएको पाइएमा त्यस्ता बालबालिकाहरूलाई शैक्षिक, बौद्धिक तथा स्वस्थ्य रूपमा विकास तथा पुनर्स्थापना गर्न यस नियमावलीबमोजिम संचालन गरिने कार्यक्रम सम्झनुपर्छ।

(ग) "समिति" भन्नाले नियम ७ बमोजिम गठन भएको कोषको संचालक समिति सम्झनुपर्छ।

(घ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष तथा सदस्य–सचिवलाई समेत जनाउँछ।

३. कोषको स्थापनाः (१) विकास तथा पुनर्स्थापना कार्यक्रम संचालन गरी बालबालिकाहरूको हित संरक्षण गर्नको निमित्त बालबालिका (विकास तथा पुनर्स्थापना) कोषको नामबाट एउटा कोषको स्थापना गरिनेछ।

(२) उपनियम (१) बमोजिम स्थापना गरिएको कोषलाई एक अक्षय कोषको रूपमा संचालन गरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) कोषको काम तथा समितिले गरेको निर्णयको कार्यान्वयन श्री ५ को सरकार, श्रम मन्त्रालयले गर्नेछ ।

४. कोषमा रहने रकमः (१) कोषमा देहायका रकमहरू रहनेछन्ः–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम,

(ग) स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) नियम ५ बमोजिम प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट कोषलाई प्राप्त रकम ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषले विदेशी सरकार, अन्तर्राष्ट्रिय वा विदेशी संघ संस्थाबाट कुनै पनि किसिमको रकम, उपहार वा सहयोग प्राप्त गर्नु अगावै श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

५. कोषमा रकम जम्मा गर्नुपर्नेः (१) विकास तथा पुनर्स्थापना कार्यक्रम संचालन गरी बालबालिकाहरूको विकास तथा पुनर्स्थापना गर्नको लागि श्री ५ को सरकार, नेपाल उद्योग वाणिज्य महासंघ, केन्द्रीय गलैंचा उद्योग संघ, गलैंचा तथा ऊन विकास समिति र अन्य दातृ संस्थाहरूबीच भएको आपसी सहमतिद्वारा प्रत्येक वर्ष कोषलाई प्रदान गर्न निर्धारण गरिएको रकम कोषमा जम्मा गरिनेछ ।

(२) बालबालिकाहरूको विकास तथा पुनर्स्थापना गर्नको लागि उपनियम (१) मा उल्लेख भएबमोजिम आपसी सहमतिद्वारा निर्धारित रकम सम्बन्धित निकायले प्रत्येक आर्थिक वर्षको पहिलो तीन महिनाभित्र कोषमा जम्मा गर्नुपर्नेछ ।

(३) यस नियममा उल्लेख भएबमोजिमको रकम कोषमा जम्मा गर्ने अन्य प्रकृयाहरू समितिले तोकिदिएबमोजिम हुनेछ ।

६. कोषको प्रयोगः विकास तथा पुनर्स्थापना कार्यक्रम संचालन गरी बालबालिकाहरूको विकास तथा पुनर्स्थापना गर्नको लागि समितिले तयार पारेको कार्यक्रमहरू कार्यान्वयन गर्नको निमित्त कोषमा रहेको रकमबाट देहायबमोजिम खर्च गर्न सकिनेछः–

253



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) प्रत्येक वर्षको निमित्त कोषमा जम्मा भएको रकमबाट पचास प्रतिशतमा नबढ्ने गरी सोही वर्षको कार्यक्रम संचालन गर्न खर्च गर्ने ।

(ख) कोषमा रहेको रकमबाट ब्याज प्राप्त हुन लागेपछि सो ब्याज र त्यस वर्षको कोषमा जम्मा भएको रकमको पचास प्रतिशतमा नबढ्ने गरी खर्च गरी सोही वर्षको कार्यक्रम संचालन गर्ने ।

(ग) कोष वृद्धि हुँदै गई ब्याजबाट मात्र कार्यक्रम संचालन गर्न पर्याप्त हुने भएपछि ब्याजबाट मात्र कार्यक्रम संचालन गर्ने गरी रकम खर्च गर्ने ।

७. कोषको संचालक समितिः (१) विकास तथा पुनर्स्थापना कार्यक्रम संचालन गरी बालबालिकाहरूको विकास तथा पुनर्स्थापना गर्न अन्य आवश्यक कार्यक्रमहरू सुव्यवस्थित रुपले सञ्चालन गर्न, गराउन र कोष सञ्चालनसम्बन्धी सम्पूर्ण काम कारवाहीहरूको रेखदेख तथा प्रबन्ध गर्नको लागि एक सञ्चालक समितिको गठन गरिनेछ ।

(२) सञ्चालक समितिमा देहायका सदस्यहरू रहनेछन्:–

(क) सचिव, श्रम मन्त्रालय – अध्यक्ष
(ख) सह-सचिव, श्रम मन्त्रालय – सदस्य
(ग) सह-सचिव, उद्योग मन्त्रालय – सदस्य
(ग) सह-सचिव, वाणिज्य मन्त्रालय – सदस्य
(ङ) महानिर्देशक, श्रम विभाग – सदस्य
(च) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ – सदस्य
(छ) अध्यक्ष, केन्द्रीय गलैंचा उद्योग संघ – सदस्य
(ज) सदस्य-सचिव, गलैंचा तथा ऊन विकास समिति – सदस्य
(झ) प्रतिनिधि, च्याम्बर अफ कमर्स – सदस्य
(ञ) अध्यक्ष, गार्मेन्ट एसोसियसन – सदस्य
(ट) उप-सचिव, बालश्रम शाखा, श्रम मन्त्रालय – सदस्य-सचिव

(३) समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ, उद्योगपति, व्यापारी वा लब्ध प्रतिष्ठित व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. समितिको बैठक र निर्णयः (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

तर एक वर्षमा कम्तीमा तीन पटक समितिको बैठक बस्नुपर्नेछ ।

(२) एक तिहाइ सदस्यहरूले समितिको बैठक बोलाउनको लागि लिखित रुपमा माग गरेमा समितिको सदस्य-सचिवले अध्यक्षको स्वीकृति लिई समितिको बैठक बोलाउनुपर्नेछ ।

(३) समितिको सदस्य-सचिवले बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरूको सूची सदस्यहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको प्रत्येक बैठकमा उपस्थित सदस्यहरूको नाम, छलफल भएका विषयवस्तु र बैठकमा भएका निर्णय निर्णयपुस्तिकामा लेख्नुपर्नेछ ।

(८) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(९) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

९. समितिको काम, कर्तव्य र अधिकारः (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः –

(क) विकास तथा पुनर्स्थापना कार्यक्रम संचालन गरी बालबालिकाहरूको विकास तथा पुनर्स्थापना गर्ने सम्बन्धमा विभिन्न कार्यक्रम र योजनाको तर्जुमा गरी त्यस्ता कार्यक्रम र योजनालाई कार्यान्वयन गर्ने, गराउने ।

(ख) बालबालिकाहरूको विकास तथा पुनर्स्थापना गर्ने सम्बन्धमा देखा परेका समस्याहरूको निराकरणका उपायहरू पत्ता उगाउन आवश्यकतानुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) कोषको संचालन र व्यवस्थापनसम्बन्धी नीति निर्धारण गरी कार्यान्वियन गर्ने, गराउने ।

(घ) विकास तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरी बाल-बालिकाहरूको विकास तथा पुनर्स्थापना गर्नको लागि आवश्यक वित्तीय तथा प्राविधिक आधारहरू तयार पारी सोही अनुसार विकास तथा पुनर्स्थापना कार्यक्रमहरू कार्यान्वियन गर्ने, गराउने ।

(ङ) कोषको वार्षिक तथा आवधिक कार्यक्रम स्वीकृत गर्ने र सो को निमित्त आवश्यक रकमको व्यवस्था गर्ने ।

(च) कोषको आवश्यकतानुसार विभिन्न क्षेत्रबाट रकम प्राप्त गर्न आवश्यक कदम चाल्ने ।

(छ) विकास तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरी बाल-बालिकाहरूलाई आफ्नो परिवारसँग पुर्नमिलन गर्ने व्यवस्था गर्ने ।

(ज) विकास तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरी मजदूर-हरूका बालबालिकाहरूलाई शिक्षा, स्वास्थ्य सेवा र त्यस्तै अन्य आवश्यक सेवाहरू उपलब्ध गराउने ।

(झ) विकास तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरी मजदूर-हरूको बालबालिकाहरूलाई हेर्ने व्यवस्था मिलाउन दिवा हेरचाह केन्द्र (Day Care Center) को व्यवस्था गर्ने ।

(ञ) कोषको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने ।

(ट) कोषले वर्षभरि गरेको कामकारवाहीको वार्षिक प्रतिवेदन र प्रत्येक वर्षको लेखा परीक्षणको प्रतिवेदन श्री ५ को सरकार तथा अन्य सम्बन्धित निकायहरूसमक्ष पेश गर्ने ।

(२) उपनियम (१) मा उल्लिखित, काम, कर्तव्यहरूका अतिरिक्त कोषको उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्यहरू गर्नु र यस नियमावलीका अधिनमा रही कोषले गर्नुपर्ने सम्पूर्ण कामकारवाहीहरू गर्नु तथा कोषलाई प्राप्त सम्पूर्ण अधिकारहरूको प्रयोग तथा कर्तव्यको पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

१०. कोषको सञ्चालन तथा व्यवस्थाः (१) यस नियमावलीबमोजिम कोषमा जम्मा गरिने रकम समितिले तोकिदिएको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम खोलिएको खाताको सञ्चालन समितिले तोकिदिएबमोजिम हुनेछ ।

११. लेखा र लेखा परीक्षण. (१) कोषको आय व्ययको लेखा प्रचलित कानूनबमोजिम राखिनेछ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत कोषको आय व्ययको लेखा, तत्सम्बन्धी कागजातहरू र अरू नगदी जिन्सीसमेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१२. उपसमिति गठन गर्न सक्ने: (१) समितिले आफ्नो कार्य सञ्चालन गर्नको लागि आवश्यकतानुसार उपसमितिहरू गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठन भएका उपसमितिहरूको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोकिदिएबमोजिम हुनेछ ।

१३. बैठक भत्ता: सदस्यहरूले समितिको बैठकमा भाग लिए बापत समितिले तोकिदिए बमोजिमको बैठक भत्ता पाउने छन् ।

१४. परामर्श लिन सक्ने: समितिले यस नियमावलीबमोजिम समितिले आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित क्षेत्रका उपयुक्त सम्झेको व्यक्ति तथा निकायसंग परामर्श लिन सक्नेछ ।

१५. सहयोग गर्नुपर्ने: समितिको कार्य सम्पादनको सिलसिलामा सम्बन्धित सरकारी कार्यालयले समितिलाई आवश्यक सहयोग गर्नुपर्नेछ ।

१६. अधिकार प्रत्यायोजन: यस नियमावलीबमोजिम कोषले आफूलाई प्राप्त अधिकारहरूमध्ये कुनै वा सबै अधिकार आवश्यकतानुसार कुनै सदस्य, उपसमिति वा श्री ५ को सरकारको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१७. श्री ५ को सरकारसँग सम्पर्क: कोषले श्री ५ को सरकारसँग सम्पर्क राख्दा श्रम मन्त्रालयमार्फत राख्नुपर्नेछ ।

१८. वार्षिक प्रतिवेदन: समितिले कोषको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र श्री ५को सरकारसमक्ष पेश गर्नु पर्नेछ ।

आज्ञाले,
आनन्दवल्लभ जोशी
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कृषि मन्त्रालयको

## सूचना १

जीवनाशक विषादी ऐन, २०४८ को दफा ३ को उपदफा ५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले विषादी समितिको सदस्यहरूमा देहाय बमोजिम थपघट तथा हेरफेर गरेको छ ।

(क) सचिव, कृषि मन्त्रालय– अध्यक्ष
(ख) सह-सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय– सदस्य
(ग) महानिर्देशक, कृषि विभाग– ,,
(घ) महानिर्देशक, नेपाल गुणस्तर तथा नापतौल विभाग– ,,
(ङ) कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद्– ,,
(च) प्रमुख, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, स्वास्थ्य सेवा विभाग– ,,
(छ) श्री ५ को सरकारद्वारा मनोनीत कृषि वैज्ञानिक– ,,
(ज) प्रमुख, व्यावसायिक कीट विज्ञान महाशाखा, कृषि विभाग– ,,
(झ) श्री ५ को सरकारद्वारा मनोनीत पशुवैज्ञानिक– ,,
(ञ) श्री ५ को सरकारद्वारा मनोनीत वन वैज्ञानिक– ,,
(ट) श्री ५ को सरकारद्वारा मनोनीत विषादी उद्यमी– ,,
(ठ) श्री ५ को सरकारद्वारा मनोनीत उपभोक्ता कृषक– ,,
(ड) प्रमुख, गुण नियन्त्रण तथा गुणस्तर निर्धारण महाशाखा, केन्द्रीय खाद्य अनुसन्धानशाला– ,,
(ढ) प्रमुख, बालीरोग महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद्– ,,
(ण) प्रमुख, कीट विज्ञान महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद्– ,,
(त) श्री ५ को सरकारले तोकेको व्यक्ति– सदस्य-सचिव

## सूचना २

श्री ५ को सरकारले जीवनाशक विषादी ऐन, २०४८ को दफा ३ बमोजिम गठित विषादी समितिमा कृषि विभाग, बाली संरक्षण महाशाखाको प्रमुखलाई सदस्य-सचिव तोकेको छ ।

खण्ड ४४, संख्या १३, मिति २०५१।३।२७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना २ खारेज गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले जीवनाशक विषादी ऐन, २०४८ को दफा ७ को प्रयोजनको लागि कृषि विभाग, बाली संरक्षण महाशाखालाई विषादी पंजिकरण निकाय तोकेको छ ।

आज्ञाले,
दानबहादुर शाही
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

२३३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री रवीन्द्रकुमार शाक्य मलेशियाको क्वालालम्पुरमा हुने एसिया तथा प्रशान्तक्षेत्रको विकाससम्बन्धी संस्था (ए.पी.डी.सी.) को व्यवस्थापन समितिको पन्ध्रौं बैठकमा भाग लिन जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप–नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका का. मु. विशेष सचिव श्री इन्द्रकुमार श्रेष्ठलाई मिति २०५३।३।२६ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०५३।२।२४ को निर्णयानुसार वाणिज्य विभागका महानिदशक श्री लक्ष्मणप्रसाद उपाध्यायको ३० वर्ष सेवा अवधि मिति २०५०।४।२७ मा पूरा भई मिति २०५०।४।११ र मिति २०५२।४।१८ को निर्णयानुसार क्रमशः दुई र एक वर्षको लागि सेवा अवधि थप गरेको र सो अवधि पनि पूरा भएकोले निजामती सेवा नियमावली, २०५० को नियम १०४ बमोजिम मिति २०५३।३।२७ देखि लागू हुने गरी पुनः २ वर्ष सेवा अवधि थप गरेको छ ।

आज्ञाले,
मोहनदेव पन्त
श्री ५ को सरकारको सचिव

300



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।